# मादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
थुमाकोडाँडा, कास्की
गण्डकी प्रदेश, नेपाल

पत्र संख्याः २०७९/०८०
चलानी नं.: १५०३

मितिः २०८०/०३/२८

श्री वडा सचिवहरु (१२ जना सबै)
मादी गाउँपालिका, कास्की ।

विषयः लाभग्राही सूचीकरण तथा अद्यावधिक सम्बन्धमा ।

प्रस्तुत विषयमा यस पालिकाको केही वडाबाट सामाजिक सुरक्षा भत्ता रकम प्राप्त गर्न योग्य लाभग्राहीहरुले निवेदन दिएको अर्को महिना देखि भत्ता रकम प्राप्त गर्न नसकेको अवस्था बारे जानकारी प्राप्त भएको छ । सो सम्बन्धमा सामाजिक सुरक्षा ऐन, २०७५ को दफा (१२) र सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम (५) मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य व्यक्तिले आफु बसोबास गरिआएको वडाको वडा कार्यालयमा निवेदन दिनुपर्ने र ऐ ऐ नियमावलीको नियम (११) मा यसरी निवेदन दिएका योग्य व्यक्तिले निवेदन दिएपछिको महिनादेखि सामाजिक सुरक्षा भत्ता पाउने व्यवस्था रहेको छ ।

अतः राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको अनलाइन प्रणाली (VERSS-MIS) मा जुन महिना लाभग्राहीको विवरण प्रविष्टि गरिन्छ सोही महिना नै निजको निवेदन मिति कायम रहने हुदाँ लाभग्राही निवेदकले निवेदन गरेको महिना भित्रै अनलाइन प्रणालीमा प्रविष्टि गरिसक्नु पर्ने हुन्छ । तसर्थ सोही बमोजिम लाभग्राहीको विवरण प्रविष्टि गरि लाभग्राही सूचीकरण, नविकरण, लगत कायम, लगट कट्टी लगायतका सम्पूर्ण कार्यहरु गर्नु गराउनु हुन अनुरोध छ । अन्यथा; कुनै पनि कारणले लाभग्राहीको सामाजिक सुरक्षा भत्ता छुट भएमा वा लगत कट्टा गर्नुपर्नेमा नगरेका कारण रकम निकासा हुन गई बेरुजु देखिएमा यहाँहरु नै जिम्मेवार हुनु पर्ने व्यहोरा समेत जानकारीका लागि अनुरोध छ ।

२०८०/३/२८

नारायण प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः

१. श्री सूचना प्रविधि शाखा (वेभसाईटमा राखिदिनुहुन)